# प्रगतीशिल सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ११, लुंग्री, अर्घाखाँची

मिति : २०८३।०३।०४

प.सं. : ०८२।०८३

**विषय : काठ दाउरा लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना !**

**(दैनिक पत्र नेपाली राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८३।०३।०४)**

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना बमोजिम आ.व. ०८२/०८३ मा सामुदायिक वनको ढलापडा तथा पुनरुत्पादन कटान क्षेत्रमा हटाउनु पर्ने रुखहरु कटान गर्दा निस्केका काठ दाउरा समूह भित्र बिक्री भई बाँकी रहेका साल काठ मध्येबाट वन पैदावार आपूर्ति समिति, अर्घाखाँचीलाई छुट्टाई बाँकी रहेका काठ दाउरालाई डि.व.का., अर्घाखाँचीबाट प्राप्त लिलाम सहमति बमोजिमका तपसिलमा उल्लेखित घाटगद्दीमा रहेका काठ दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिकी गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मिति देखि २१ औ दिन कार्यालय समय भित्र बोलपत्र खरीद गरी २२ औ दिन दिउस ३:०० बजे भित्र दाखिला गर्न सकिने ब्यहोरा सूचित गरिन्छ ।

तपसिल

**१. लिलाम हुने वन पैदावारको विवरण**

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. ४०५२ मिति २०८३।०३।०१ गतेको लिलाम बिक्री सहमति बमोजिम प्रथम पटक प्रकासित सूचना

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. १ : आ.व. ०८२।०८३ | आ.व. ०८२।०८३ मा ढलापडा कटान तर्फको धाङ्र नं. १, २ र पुनरुत्पादन कटान तर्फको धाङ्र २, ५ र ६ साथै दाउरा | साल | A | २० | ३५२.६५ | १२५० | ४४०८१३ | ४६६०११ | |
| | | | B | ८८ | ९१९.४७ | ९०० | ८२७५२३ | | |
| | | | C | २९१ | १३९४.९० | ६०० | ८३६९४० | | |
| | | | D | ३६ | ७४.२२ | ३०० | २२२६६ | | |
| | | जम्मा | | ४३५ | २७४१.२४ | | | | |
| | | साल जातको दाउरा चट्टा | | | १०.०० | १२००० | १२०००० | २७५५३८ | |
| | | अन्य जातको दाउरा चट्टा | | | ६.७५ | ४००० | २७००० | | |
| जम्मा | | | | | | | २२७४५४२ | ७४१५४९ | |

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. २ : आ.व. ०८२।०८३ | आ.व. ०८२।०८३ मा ढलापडा कटान तर्फको धाङ्र नं. ३, ४, ५ र ७ साथै पुनरुत्पादन कटान तर्फको धाङ्र नं. १, ३, ४, ७ र ९ का गोलिया काठ साथै दाउरा | साल | A | २३ | ३८१.२८ | १२५० | ४७६६०० | ५४२४४५ | |
| | | | B | ८६ | ८५१.२२ | ९०० | ७६६०९८ | | |
| | | | C | २७४ | ११९८.९६ | ६०० | ७१९३७६ | | |
| | | | D | ५० | १०१.६८ | ३०० | ३०५०४ | | |
| | | बाँझी | N | ३४ | १८८.५६ | १०० | १८८५६ | | |
| | | असना | A | ३ | ४८.४८ | ४०० | १९३९२ | | |
| | | | B | ११ | ९०.८१ | ३०० | २७२४३ | | |
| | | | C | ३९ | १७१.५८ | १०० | १७१५८ | | |
| | | जामुन | A | १ | १२.४९ | ४०० | ४९९६ | | |

केशव बहादुर थापा

# प्रगतीशिल सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. वडा नं. ११, लुंग्री, अर्घाखाँची

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | B | १ | १३.९२ | ३०० | ४१७६ | | |
| | | | C | १४ | ५३.३५ | १०० | ५३३५ | | |
| | | बर्रो | | ७ | ४२.७४ | २०० | ८५४८ | | |
| | | सिद्ध | | ४ | २४.७३ | १०० | २४७३ | | |
| | | हर्रे | | ३ | ११.०५ | २०० | २२१० | | |
| | | जम्मा | | ५५० | ३१९०.८५ | | | | |
| | | साल जातको दाउरा चट्टा | | | १३.४५ | १२००० | १६१४०० | २२१२५३ | |
| जम्मा | | | | | | | २२६४३६५ | ७६३६९८ | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति : २०८३/०३/२४ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति : २०८३/०३/२५ गते दिउसो ३.०० बजेसम्म ।

३. बोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयवाट प्रति बोलपत्र फाराम बापतको रु. २,००० दस्तुर (फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

४. शिलवन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको रा. वा. बैंक लि., जितपुर शाखा, कपिलबस्तुमा रहेको हिसाव नं. ३५३०१०००००५८१००१ खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको बैंक जमानत समावेश गर्नुपर्ने छ ।

५. लिलाम विक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अधावधिक सूचिकृत भएको पत्र वोलपत्र साथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०३।२७ गते का दिन दिउस १:०० बजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर समेत वुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी रकम समावेश नभएको र वोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, बोलपत्र उपर कारवाही हुनेछैन ।

अध्यक्ष
केशव बहादुर घर्ती

# प्रगतीशिल सामुदायिक वन उपभोक्ता समूह

## शितगंगा न.पा. वडा नं. ११, लुंग्री, अर्घाखाँची

११. बोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी प्रगतीशिल सा.व.उ.स.को काठ लिलाम शिलवन्दी बोलपत्र भनी उल्लेख गरेको हुनुपर्नेछ।

१२. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ।

१३. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित नीति नियम अनुसार हुने छ।

१४. उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ।

१५. संघीय वन नियमावली, २०७९ को नियम २५ को उपनियम ५ बमोजिम बोलपत्र सदर भएको फर्मले बोलपत्र सदर भएको जानकारी पाएको ४५ (पैतालिस) दिन भित्र रकम दाखिला नगरेमा निजको धरौटी रकम जफत गरी बाँकी प्रकृया अगाडी बढाईने छ।

१६. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ।

ईति सम्वत् २०८३ साल असार .महिनाको ०४ गते रोज ०५ मा शुभम् ....................................।

अध्यक्ष
केशव बहादुर घर्ती

# रास्वपा महाधिवेशन: राजनीतिसँगै पर्यटनको सङ्गम बन्दै चितवन

चितवन, ३ असार। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम महाधिवेशन यहाँ हुँदैछ। यही असार ७, ८ र ९ गते भरतपुरमा हुने रास्वपाको महाधिवेशनले राजनीतिक नेतृत्व मात्रै चयन गर्दैन, यहाँको पर्यटन र व्यापार व्यवसायको प्रवर्द्धन समेत गर्नेछ। महाधिवेशनमा आउने प्रतिनिधि, पर्यवेक्षक र पाहुनाले जिल्लाका होटल भरिभराउ हुनेछन् भने रेष्टुरेन्ट र स्थानीय उत्पादनको खपत बढ्नेछ। महाधिवेशनमा देशका बाँकी ७६ जिल्ला र विदेशबाट प्रतिनिधि एवं पर्यवेक्षक तथा अतिथिहरू आउँदैछन्। महाधिवेशनले मुख्य रूपमा यहाँको पर्यटकीय गन्तव्यलाई देशभर र विदेशमा चिनाउने सरोकारवालाहरूको विश्वास छ।




पूर्वी चितवनको रत्ननगरमा रहेको होटल मनाका सञ्चालक भेषराज दुवाडी आफूले १५ राष्ट्रियस्तरका कार्यक्रम होटलमा गर्दा यसको सकारात्मक प्रभाव लामो समयसम्म पर्यटन क्षेत्रमा देखिएको बताउनुहुन्छ। महाधिवेशनमा आउने पाहुनाका कारण यहाँका होटल र रेष्टुरेन्ट त भरिन्छन् नै यसका अतिरिक्त स्थानीय उत्पादनले राम्रो बजार पाउने उहाँको भनाइ छ। दुवाडीले भन्नुभयो, "महाधिवेशनमा आएकाहरूले पछि पारिवारिक सहसंस्था र व्यक्ति विशेषका भ्रमण लिएर आउने सम्भावना अधिक हुन्छ।" नागरिकको चहलपहल बढेसँगै यहाँका कृषिजन्य उत्पादनले राम्रो बजार पाउने उहाँको भनाइ छ। माछा, मासु, अण्डा, फलफूल, तरकारी, दुग्धजन्य पदार्थको खपत बढ्ने देखिन्छ। दुवाडीले आफ्नो होटलमा विभिन्न सहसंस्थाका राष्ट्रिय कार्यक्रमपछि सौराहालगायत क्षेत्रमा त्यसको प्रत्यक्ष प्रभाव हुने गरेको स्मरण गर्नुभयो। यसअघि सौराहामा नेकपा (एमाले) को महाधिवेशनपछि त्यसको सकारात्मक प्रभाव लामो समयसम्म परेको व्यवसायी बताउँछन्। पर्यटन व्यवसायी डा तिलचन्द्र भट्टराई ठूला कार्यक्रम जिल्लामा गर्न पाउनु आफैँमा सकारात्मक भएको बताउनुहुन्छ। उहाँले भन्नुभयो, "यस्ता कार्यक्रमले जिल्लाको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्छ।"

जिल्लामा ठूला कार्यक्रम गर्न सकिन्छ भन्ने सन्देश प्रवाह हुने भन्दै डा भट्टराईले यसअघि नेकपा (एमाले) को महाधिवेशनमा आएकाहरू पछिपछि पनि पारिवारिक र संस्थागत गरी घुम्न आएको बताउनुभयो। उहाँले भन्नुभयो, "महाधिवेशनले चितवनलाई थप चिनाउन सहयोग पुग्छ।"

उद्योग वाणिज्य सङ्घ चितवनका पूर्वअध्यक्ष मित्रराज दवाडी महाधिवेशनले पर्यटक बढाउने र यसले यहाँको उत्पादन खपतमा वृद्धि हुने बताउनुहुन्छ। कृषि क्षेत्रमा लाग्दै आउनुभएका दवाडी यसको प्रत्यक्ष प्रभाव पर्यटन र यसका लागि आवश्यकपर्ने कृषिजन्य उत्पादनमा हुने बताउनुहुन्छ। यहाँ आउने प्रतिनिधिलाई जिल्लाका विभिन्न पर्यटकीय गन्तव्यहरूका बारेमा जानकारी गराउनसकेमा थप प्रभावकारी बन्ने उहाँको बुझाइ छ। राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय सदस्य एवं पर्यटन व्यवसायी ध्रुव गिरी यो महाधिवेशनले समग्र जिल्लाको अर्थतन्त्र चलायमान बनाउन सहयोगी बन्ने बताउनुहुन्छ। सौराहालगायत पर्यटकीय र अन्य क्षेत्रका होटल बुकिङ भइसकेको भन्दै उहाँले बेमौसमा पनि पर्यटक भरिन लागेको बताउनुभयो।

उहाँले भन्नुभयो, "असार साउनमा हाम्रो होटल कुर्नै मात्रै काम हुन्थ्यो, यो महाधिवेशनले चलायमान भएको छ।" अहिले आएका धेरै प्रतिनिधि पुनःघुमफिरका लागि यहाँ आउने सम्भावना प्रबल भएको भन्दै उहाँले यसले यहाँ राजनीतिसँगै पर्यटन र व्यापार व्यवसायमा वृद्धि चहलपहल ल्याउने बताउनुभयो। महाधिवेशनमा तीन हजार हाराहारी प्रतिनिधि सहभागी हुनेछन्। त्यसैगरी पर्यवेक्षक र शुभचिन्तक पनि ठूलो मात्रामा यहाँ आउने अपेक्षा गरिएको छ। रासस

# सामाजिक सुरक्षा कोषमा जोडिँदै अनौपचारिक क्षेत्रका श्रमिक

गण्डकी, ३ असार। गण्डकी प्रदेशका थप स्थानीय तहले अनौपचारिक क्षेत्रका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराएका छन्। दुई वर्षअघि स्याङ्जाको फेदीखोला गाउँपालिकाले गण्डकीमा पहिलोपटक अनौपचारिक क्षेत्रका श्रमिकलाई कोषमा आबद्ध गराएको थियो।

अहिले स्याङ्जाकै बिरुवा, बागलुङको तमानखोला र तनहुँको म्याग्देसमेत गरी अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने स्थानीय तहको सङ्ख्या चार पुगेको छ। सामाजिक सुरक्षा कोषका [illegible] सहायक निर्देशक अच्युत दुलालका अनुसार फेदीखोलाका ९९, म्याग्देका एक सय, तमानखोलाका [illegible] र बिरुवाका [illegible] अनौपचारिक क्षेत्रका श्रमिक कोषमा जोडिएका छन्।



औपचारिक क्षेत्र, स्वरोजगार र वैदेशिक श्रमिकको तुलनामा धेरै कम मात्र अनौपचारिक क्षेत्रका श्रमिक कोषमा आबद्ध भएको उहाँले बताउनुभयो। "केही स्थानीय तहले अनौपचारिक क्षेत्रका श्रमिकलाई कोषमा आबद्ध गराएर अनुकरणीय काम गर्नुभएको छ", सहायक निर्देशक दुलालले भन्नुभयो, "तीनै तहका सरकारले यसमा योगदान गर्न सके श्रमिक तथा मजदुर वर्गको ठूलो हित हुन्छ।"

आगामी आवका लागि नीति, कार्यक्रम र बजेट तर्जुमाको तयारीमा रहेका स्थानीय तहलाई कोषका तर्फबाट सामाजिक सुरक्षा कार्यक्रमलाई प्राथमिकता दिन आग्रह गरिएको उहाँले बताउनुभयो। "तीनै तहका सरकारले सह-योगदानमा आधारित रहेर श्रमिकहरूलाई कोषमा आबद्ध गराउन सक्छन्, त्यसो गर्दा स्रोत व्यवस्थापनमा पनि सहज हुन्छ", उहाँले भन्नुभयो, "श्रमिकको जीवन चक्रमा आउने जोखिम व्यवस्थापनका सामाजिक सुरक्षा कार्यक्रम महत्त्वपूर्ण र प्रभावकारी छ।"

सरकारले तोकेको श्रमिकको आधारभूत तलबमानको ११ प्रतिशत स्वयम् श्रमिक र ९.३७ प्रतिशत स्थानीय तहको योगदान रकम हरेक महिना कोषमा जम्मा हुने गरेको छ। जसमा श्रमिकको तलबबाट रु एक हजार ३३८ र स्थानीय तहको रु एक सय १४० जम्मा हुने सहायक निर्देशक दुलालले बताउनुभयो। श्रमिकका आधारभूत तलबमानको २०.३७ प्रतिशत सामाजिक सुरक्षा कोषमा जम्मा हुने गरेको छ। स्थानीय तहले आफ्नो स्रोतको सीमा हेरेर योगदान रकम केही घटाउन पनि सक्ने व्यवस्था छ। श्रमिक एक्लैले आफ्नो पारिश्रमिकको २०.३७ रकम रकम जम्मा गरेर पनि कोषमा आबद्ध हुन सक्ने जनाइएको छ। तनहुँको म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले स्रोतसाधनले भ्याएसम्म अनौपचारिक क्षेत्रका श्रमिकलाई कोषमा जोड्दै जाने योजना रहेको बताउनुभयो। "यसको निरन्तरताका लागि सङ्घ र प्रदेश सरकारसँग पनि बजेट माग गरेका छौँ", उहाँले भन्नुभयो, "सबै क्षेत्रका श्रमिक तथा मजदुरलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन सके ठूलो उपलब्धि हुने थियो।"

कोषमा आबद्ध भएका श्रमिकले वार्षिक रु एक लाख बराबरको उपचार खर्च, सात लाखको दुर्घटना बिमा, सुत्केरी महिला श्रमिकले ९८ दिन बराबरको पारिश्रमिक र शिशु स्याहारका लागि नगद रु २५ हजार पाउने व्यवस्था छ। वृद्ध तथा अशक्त भई श्रम गर्न नसक्ने अवस्थामा श्रमिकले निवृत्तिभरणसमेत पाउने कोषले जनाएको छ। श्रमिकको जीवनयापनलाई सहज बनाउन र भविष्यमा आउन सक्ने जोखिम व्यवस्थापनका लागि सामाजिक सुरक्षा कोषमा आबद्ध गराइएको बागलुङको तमानखोला गाउँपालिकाका अध्यक्ष धनबहादुर विक 'हिमाल' ले बताउनुभयो।

उहाँले आगामी एक वर्षभित्रमा एक सय जना अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षाका कोषमा आबद्ध गराउने लक्ष्य रहेको बताउनुभयो। गाउँपालिकाले विसं २०८१ चैतदेखि अनौपचारिक क्षेत्रका श्रमिकलाई कोषमा आबद्ध गराई रकम जम्मा गर्न सुरु गरेको थियो।

गाउँपालिकाका रोजगार संयोजक शारदा घर्तीले कोषमा आबद्ध हुनुभएका तमानखोला-५ का गमबहादुर दमाईको निधन भएकाले उहाँका आश्रित परिवारलाई निवृत्तिभरण दिलाउन प्रकृया सुरु गरिएको बताउनुभयो। योगदानकर्ताको जुनसुकै कारणले मृत्यु भए पनि आश्रित परिवारले कोषमा जम्मा भएको रकम र त्यसको प्रतिफल पाउने व्यवस्था रहेको उहाँको भनाइ छ।

"योगदानकर्ताको कुनै कारणले निधन भएमा उहाँको अन्तिम आधारभूत पारिश्रमिकको ६० प्रतिशत रकम आश्रित परिवारले जीवनभर पाउने व्यवस्था कोषमा छ", उहाँले भन्नुभयो। सामाजिक सुरक्षा कोषले श्रमिकबाट कोषमा जम्मा भएको रकमबाट औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्ध-अवस्था सुरक्षा योजना सञ्चालन गर्दै आएको छ।

# पाल्पामा जनै बाट्न सिक्दै नयाँ पुस्ता



तानसेन (पाल्पा), ३ असार। पछिल्लो समय गाउँघरमा जनै बनाउने प्रचलन हराउँदै गएको छ। युवापुस्ताले जनै बनाउन चासो नराख्दा जनै बनाउने सीप गाउँघरबाट हराउँदै गएको हो।

जेनतेन पुरानो पुस्ताले जनै बनाउँदै आए पनि नयाँ पुस्ताले यसतर्फ भने चासो देखाएका छैनन्। जनै बनाउने सीप युवामा हस्तान्तरण आवश्यक रहेको ठहर गर्दै यहाँका युवालाई जनै बनाउने सिप सिकाउन थालिएको छ।

तानसेन नगरपालिका-२ कार्यालयको आर्थिक सहयोगमा तानसेनमा सञ्चालन गरिएको तालिममा नगरभित्रका विद्यार्थी, महिला, पुरुषलगायत ४० जनाले जनै बाट्ने सीप लिन थालेका छन्।

नयाँपुस्ताले जनै बनाउन थालेपछि भने पुरानापुस्तामा उत्साह छाएको छ। तानसेनका ७५ वर्षीय बेद बस्याल जनै बाट्ने संस्कृति हराउँदै जान थालेका बेला नयाँ पुस्ताले जनै बनाउन थालेपछि खुसी लागेको बताउनुहुन्छ।

"जनैको महत्व युवापुस्ताले नबुझ्दा संस्कृति सङ्कटमा पर्दै गएको अब भने यो संस्कृति बचाउन सकिन्छ की भन्ने लागेको छ", उहाँले भन्नुभयो। बरुवादीका हरी घिमिरेलाई पनि परम्परागत जनै बाट्ने र लगाउने संस्कृति लोप हुन लागेकामा चिन्ता थियो। तर अहिले नयाँ पुस्ताले जनै बनाउन सुरुगरेभन्दा खुसी हुनुहुन्छ। उहाँ भन्नुहुन्छ, "पुरानो पुस्ताले जनै बनाएर परम्पराको संरक्षण गर्दै आए पनि नयाँपुस्ताले यसतर्फ चासो नदेखाउँदा संस्कृति हराउँदै जान थालेको थियो, अब भने केही हुन्छ कि भन्ने लागेको छ।"

तागाधारीको पहिचान भनेकै जनै रहेकाले यसको संरक्षणको लागि स्थानीय सरकारले अभियानकै रूपमा जनै बनाउने सीप सिकाउन लागेको वडाध्यक्ष महेश लाल श्रेष्ठले बताउनुभयो। एकातिर संस्कृतिको जगेर्ना हुने र अर्कोतर्फ आयआर्जनमा टेवा पुग्ने भएकाले युवा पुस्ताले जनै बनाउन चासो दिनुपर्ने वडा अध्यक्षको भनाइ छ।

पाल्पामा भन्दै १५ वर्षअघिसम्म गाउँगाउँमा ब्राह्मणहरूका घरमा जनै बाट्ने परम्परा रहे पनि हिजोआज भने हराउँदै जान थालेको छ। जनै संस्कृतिलाई बचाईराख्न युवामा जनै बनाउने सीप सिकाउनुपर्ने छ। स्थानीय धर्मचन्द्र नेपालले बताउनुभयो।

युवाले जनै नबनाएकै कारण वर्सेनि विदेशबाट करोडौं रुपैयाँको जनै आयात हुने गरेको छ। आयातित जनै भाती पुऱ्याएर बाटिएको हुँदैन। जनैमा पारिने गाँठोलाई सामान्यतया ब्रह्मगाँठो पनि भनिन्छ। हिन्दू परम्परामा जनै (यज्ञोपवीत) मा रहने उक्त गाँठोले ब्रह्मा, विष्णु, महेशको प्रतीकात्मक अर्थ बोकेको मानिन्छ। तर, किनुवा जनैलाई विधिपुऱ्याएर बाटिएको हुँदैन। त्यसैले किनुवा जनै नभई एकप्रकारको धागो मात्र भएको तागाधारीहरू बताउँछन्। रासस

## ट्वाईलेट सफा गराउनुहोस्

सुपथ मूल्यमा नगरपालिका भित्र वा बाहिर काम गर्नै र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस्।

पाल्पाली मगर सेनेटरी
बुटवल-१७, मोतिपुर
मो.: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०३/०४

तिनाउ बहुप्राविधिक शिक्षालय प्रा. लि., बुटवल-१० रामनगरको मिति २०८३/०२/२२ गतेको सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु बुझाउनु पर्ने दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकारे व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी बेल मल्टी स्कील एण्ड कन्स्ट्रक्सन प्रा.लि. (दर्ता नम्बर: २०८३३२) कायम गर्न गरी मिति २०८३/०२/२९ गते नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साविक कम्पनीको नाम: तिनाउ बहुप्राविधिक शिक्षालय प्रा.लि.
परिवर्तित कम्पनीको नाम: बेल मल्टी स्कील एण्ड कन्स्ट्रक्सन प्रा.लि
ठेगाना: बुटवल उपमहानगरपालिका – १०, रामनगर, मो.९८५७०३०१०२

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

चन्द्र प्रसाद सेरचनको नाति, कुल बहादुर सेरचनको छोरा चलन माया सेरचन भन्ने चलन माया मगर्नीको श्रीमान लुम्बिनी प्रदेश पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. ६ बस्ने खड्क बहादुर सेरचन भन्ने खर्क बहादुर थापाको यस शाखामा बचत खाता नं. ३१०५२८०३०२०५३ सञ्चालन गर्दै आउनुभएकोमा मिति वि.सं. २०८२/१०/१५ मा निज खातावाला खड्क बहादुर सेरचन भन्ने खर्क बहादुर थापाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको छोरी माला पर्नु हरि कुमारी सेरचनले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनुभएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक खड्क बहादुर सेरचन भन्ने खर्क बहादुर थापाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदावी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दावी गर्न यस बैंकको पाल्पा शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

NEPAL SBI BANK LTD.
पाल्पा शाखा, तानसेन, पाल्पा
फोन नम्बर: ०७५-५२२२१०
Email: palpa@nsbl.com.np

## काठ दाउरा लिलाम बिक्री सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३।०३।०४ गते)

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना अनुसार आ.व. ०८२।०८३ मा सामुदायिक वन क्षेत्रभित्र रहेका ढलापडा तथा पुनरुत्पादन कटान क्षेत्रमा कटान सहमति भएका रुखहरू कटान गरी उत्पादन भएका काठ दाउरा तथा पुनरुत्पादन अभिवृद्धि कार्य गर्दा निस्केका दाउरालाई उपभोक्ता समूहभित्र बिक्री गरी बाँकी रहेका काठ दाउरा छिमेकी सा.व.उ.स.भित्रमा गर्न भएकोले संकलन भएको साल काठ मध्येबाट वन पैदावार आपूर्ति समिति, अर्घाखाँचीको लागि छुट्टाई बाँकी घाटगद्दीमा रहेका विभिन्न जातको गोलिया थान ९८५ को ५९२२.०८ क्यू.फिट काठ र दाउरा १०.२० चट्टालाई (कायम गरिएको २ वटा लट) हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न इच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिनभित्र कार्यालय समयभित्र बोलपत्र खरीद गरी २२ औं दिन दिउँसोको ३:०० बजे भित्र दाखिला गर्नहुन र विस्तृत जानकारीको लागि यस समूहको कार्यालय तथा जिल्ला स्थित अन्य कार्यालयमा टाँस भएको सूचना साथै लुम्बिनी प्रदेश, वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय र डिभिजन वन कार्यालय, अर्घाखाँचीको वेभसाइटमा समेत हेर्नु हुन अनुरोध छ।

प्रगतिशिल सामुदायिक वन उपभोक्ता समूह
शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

## L.B.F. ईंट्टा चाहिएमा

तपाईको शहर भैरहवा, बुटवलमा बलियो, टिकाउ र भरपर्दो L.B.F. मार्का ईंट्टा चाहिएमा सम्पर्क गर्नुहोला।

## ट्वाईलेट सफा गराउनुहोस्

सबैभन्दा बढी क्षमता भएको

## ट्वाइलेट सफा गराउनुहोस

हाम्रा सेवाहरू: तपाईको घरको सिट, नाली जाम भएमा चिन्ता लिनु पर्दैन। सेनेटरी अनुभवी कामदार अत्याधुनिक प्रविधि, पावरफुल मोटर भ्याकुम पम्पद्वारा बिना बिजुली ट्वाइलेटको सेफ्टी वा रिङ्ग सफा गरिन्छ।
प्रो. राजेश प्रसाद

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको शहर बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानीज मेसिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, बाथरूम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोला।
- लोडसेडिङ भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सेफ्टी टंकीको रिङ खाली गरिनेछ।

सितारा(?) सफा सेनेटरी